नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सिंहदरबार, काठमाडौं

# सुरक्षण मुद्रण केन्द्रको कार्यकारी निर्देशकको नियुक्ति सिफारिससम्बन्धी कार्यविधि, २०८१

(सिफारिस समितिवाट २०८१/०८/०१ मा स्वीकृत)

सुरक्षण मुद्रण केन्द्रको कार्यकारी निर्देशक पदमा नियुक्ति सिफारिस गर्नको लागि सुरक्षण मुद्रण सम्वन्धी ऐन, २०८१ को दफा १८ को उपदफा (३) अनुसारको सिफारिस समितिले सुरक्षण मुद्रण केन्द्रको कार्यकारी निर्देशकको नियुक्ति सिफारिस सम्बन्धी कार्यविधि, २०८१ स्वीकृत गरी लागू गरेको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यो कार्यविधिको नाम "सुरक्षण मुद्रण केन्द्रका कार्यकारी निर्देशकको नियुक्ति सिफारिस सम्बन्धी कार्यविधि, २०८१ रहेको छ।

(२) यो कार्यविधि तुरून्त प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यो कार्यविधिमा,

(क) "मन्त्रालय" भन्नाले सञ्चार तथा सूचना प्रविधि मन्त्रालय सम्झनु पर्दछ।

(ख) "केन्द्र" भन्नाले सुरक्षण मुद्रण केन्द्र सम्झनु पर्दछ।

(ग) "ऐन" भन्नाले सुरक्षण मुद्रण सम्वन्धी ऐन,२०८१ सम्झनु पर्दछ।

(घ) "कार्यविधि" भन्नाले सुरक्षण मुद्रण केन्द्रको कार्यकारी निर्देशक पदको नियुक्ति सिफारिस सम्बन्धी कार्यविधि, २०८१ सम्झनु पर्दछ।

(ङ) "समिति" भन्नाले दफा ३ बमोजिमको सिफारिस समिति सम्झनु पर्दछ।

(छ) "कार्यकारी निर्देशक" भन्नाले सुरक्षण मुद्रण केन्द्रको कार्यकारी निर्देशक सम्झनु पर्दछ ।

(ज) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नले समितिको बैठकबाट तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्दछ।

३. **समितिको गठनः** (१) केन्द्रका कार्यकारी निर्देशकको नियुक्ति गर्ने प्रयोजनको लागि मन्त्रालय समक्ष नाम सिफारिस गर्न सुरक्षण मुद्रण सम्वन्धी ऐन, २०८१ को दफा १८ को उपदफा (३) बमोजिम देहायको समिति रहेको छः

क. सचिव, सञ्चार तथा सूचना प्रविधि मन्त्रालय - संयोजक

ख. विज्ञ, श्री उमाकान्त पराजुली - सदस्य

ग. सह-सचिव श्री कोशहरि निरौला, सञ्चार तथा सूचना प्रविधि मन्त्रालय -सदस्य सचिव

४. **समितिको बैठक र निर्णय प्रक्रिया : समितिको बैठक निर्णय प्रक्रिया देहाय बमोजिम हुनेछ।**

(क) समितिको बैठकको अध्यक्षता समितिको संयोजकले गर्नेछ ।

(ख) संयोजकले तोकेको मिति, समय र स्थानमा समितिको बैठक बस्नेछ ।

(ग) समितिको बैठकमा संयोजक र कम्तिमा एकजना सदस्य उपस्थित भएको हुनुपर्नेछ ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सिंहदरवार, काठमाडौं

(घ) समितिको निर्णय सर्वसम्मतिमा हुनेछ ।

(ङ) समितिको निर्णय संयोजकको हस्ताक्षर पछि प्रमाणित भएको मानिनेछ ।

(छ) समितिको बैठक सम्वन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

५. **नियुक्तिको प्रक्रियाः** (१) समितिले प्रतिस्पर्धाका आधारमा देहायबमोजिम छनौट प्रक्रिया अवलम्बन गरी नियुक्तिका लागि सिफारिस गर्नेछः-

(क) दरखास्त माग गर्ने।

(ख) आवेदकहरूको ऐनको दफा १९ मा तोके बमोजिमको शैक्षिक योग्यता, कार्य अनुभव छानविन गरी दरखास्त स्वीकृत गरी सूची प्रकाशित गर्ने।

(ग) आवेदकहरूको व्यावसायिक कार्ययोजनाको परीक्षण गर्ने/गराउने।

(घ) व्यावसायिक कार्ययोजना प्रस्तुतीकरण गर्न लगाउने।

(ङ) अन्तरवार्ता लिने।

(च) व्यावसायिक कार्ययोजना, प्रस्तुतीकरण र अन्तरवार्तामा सबैभन्दा बढी अङ्क प्राप्त गर्ने उम्मेदवारहरूलाई योग्यताक्रमका आधारमा कार्यकारी निर्देशकको नियुक्तिका लागि ३ जनाको नाम नेपाल सरकार समक्ष सिफारिस गर्ने।

(२) सिफारिस समितिले आफ्नो बैठकमा आवश्यकता अनुसार सम्बन्धित विज्ञलाई आमन्त्रण गर्न सक्नेछ।

६. **उम्मेदवारको योग्यताः** (१) कार्यकारी निर्देशक पदमा दरखास्त दिन देहाय बमोजिम योग्यता पुगेको हुनुपर्नेछ।

(क) कम्तीमा तीस वर्ष उमेर पूरा भएको,

(ख) मान्यताप्राप्त विश्वविद्यालयबाट कम्प्युटर इन्जिनियरिङ्ग, इलेक्ट्रिकल इन्जिनियरिङ्ग, इलेक्ट्रोनिक्स इन्जिनियरिङ्ग, मेकानिकल इन्जिनियरिङ्ग, सूचना प्रविधि वा व्यवस्थापन विषयमा स्नातकोत्तर उपाधि हासिल गरेको,

(ग) व्यवस्थापकीय तहमा कम्तीमा पाँच वर्षको अनुभव हासिल गरेको ("व्यवस्थापकीय तह" भन्नाले सरकारी सेवामा सहसचिव वा सो सरह वा सो भन्दा माथि वा सार्वजनिक संगठित संस्था वा निकायमा दशौं तह वा सो भन्दा माथि वा कानून बमोजिम दर्ता भएको कम्पनी/संस्थामा कार्यकारी निर्देशक वा प्रबन्ध निर्देशक वा सो भन्दा माथिको कार्यकारी पदमा रही काम गरेको अनुभवलाई जनाउनेछ।)

(घ) भविष्यमा सरकारी सेवा वा नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको पूर्ण वा आंशिक स्वामित्व रहेको संस्थाको सेवाको निमित्त अयोग्य ठहरिने गरी बर्खास्त नभएको,

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सिंहदरबार, काठमाडौं

(ङ) भ्रष्टाचार, जबरजस्ती करणी, लैङ्गिक हिंसा, मानव बेचबिखन तथा ओसार पसार, लागू औषध, सम्पत्ति शुद्धिकरण, राहदानी दुरुपयोग, अपहरण, सङ्गठित अपराध वा नैतिक पतन देखिने अन्य फौजदारी कसुरमा अदालतबाट सजाय नपाएको,

(च) कुनै विदेशी राष्ट्रको स्थायी आवासीय अनुमतिपत्र वा नागरिकता नलिएको र

(छ) प्रचलित कानून वमोजिम नियुक्त हुन अयोग्य नठहरिएको।

७. दरखास्त माग गर्ने: (१) दफा ६ बमोजिम योग्यता पुगेको व्यक्तिले दरखास्त पेश गर्न सक्नेछ।

(२) केन्द्रका कार्यकारी निर्देशकको नियुक्तिको लागि उम्मेदवारहरूबाट व्यावसायिक कार्ययोजना सहितको दरखास्त पेश गर्न समितिले १० (दश) दिनको म्याद दिई राष्ट्रियस्तरको दैनिक पत्रिका र मन्त्रालयको वेबसाइटमा सूचना प्रकाशन गरिनेछ।

(३) उपदफा (२) बमोजिम सूचना प्रकाशन भए बमोजिम योग्यता पुगेको इच्छुक व्यक्तिले देहायको विवरण खुलाई स्वयम् प्रमाणित कागजात सहित मन्त्रालय समक्ष आवेदन दिन पर्नेछ ।

(क) नियुक्ति हुन चाहेको व्यहोरा खुल्ने दरखास्त,

(ख) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,

(ग) योग्यता, अनुभव र सम्पर्क खुल्ने व्यक्तिगत विवरण,

(घ) शैक्षिक योग्यताका प्रमाण पत्रको प्रतिलिपि (विदेशी शैक्षिक संस्थाको प्रमाण पत्र भए समकक्षताको प्रमाणपत्र),

(ङ) व्यवस्थापकीय तहमा काम गरेको अनुभव खुल्ने प्रमाणपत्रको प्रतिलिपी

(४) व्यावसायिक कार्ययोजना पेश गर्नुपर्ने: आवेदकले संस्थाको अवधारणा पत्र, व्यावसायिक तथा आर्थिक कार्ययोजना, समस्या,चुनौती र अवसर तथा भावी रणनीतिक योजना समेत समावेश गरिएको व्यावसायिक कार्ययोजना देहायबमोजिम पेश गर्नु पर्नेछ:

(अ) कम्तिमा ३००० देखि बढीमा ५००० शब्दसम्मको हुनु पर्नेछ,

(आ) नेपाली वा अङ्ग्रेजी भाषामा A4 Size को कागजमा कम्प्युटर टाइप गरिएको हुनु पर्नेछ,

(इ) पहिलो पृष्ठको सबभन्दा माथि आफ्नो नाम लेखिएको हुनु पर्नेछ,

(ई) अन्य पृष्ठको हकमा पश्चभागमा आवेदकले दस्तखत गरेको हुनु पर्नेछ,

(उ) सो बाहेक अग्र पृष्ठमा कहीं कतै पनि नाम दस्तखत वा आफूलाई चिनाउने कुनै संकेत नभएको हुनु पर्नेछ,

(ऊ) व्यावसायिक कार्ययोजना खाममा राखी सिलबन्दी गरिएको हुनुपर्नेछ,

(ऋ) दरखास्तसाथ व्यावसायिक कार्ययोजनाको प्रस्तुतीकरण समेत छुट्टै खाममा शिलवन्दी गरी पेश गर्नुपर्नेछ ।

(ए) हालसालै खिचेको पासपोर्ट साइजको फोटो दुईप्रति,

(ऐ) दरखास्त दिने पदसँग सम्बन्धित अन्य कुनै कागजात भए सो को प्रतिलिपि,

(ओ) अनुसूची-१ वमेजिमको स्व-घोषणा,

(४) उपदफा (२) बमोजिम सूचना प्रकाशन गर्दा पदाधिकारी छनौटको मूल्याङ्कनको आधार समेत खुलाउनुपर्नेछ।

८. आवेदन छानवीन र उम्मेदवारको सूची प्रकाशनः (१) समितिले प्राप्त गरेका दरखास्तहरू सुरक्षण मुद्रण सम्वन्धी ऐन, २०८१ र यस कार्यविधि बमोजिम भए नभएको छानविन गर्नेछ।

(२) समितिले योग्यता पुगेका उम्मेदवारहरूको सूची आवेदन दिने अन्तिम म्याद सकिएको मितिले ७ दिनभित्र प्रकाशन गर्नेछ।

(३) प्रकाशित सूचीका आधारमा समितिले कार्ययोजना प्रस्तुतीकरण र अन्तरवार्ताको मिति, समय र स्थानको जानकारी मन्त्रालयको वेब साइटमा प्रकाशन गर्ने र सम्बन्धित उम्मेदवारहरूलाई उपयुक्त माध्यमबाट जानकारी गराउनु पर्नेछ।

९. मूल्याङ्कनका आधारहरुः

(१) उम्मेदवारको मूल्याङ्कन देहायका आधारमा गरिनेछः-

| | |
|---|---|
| क) व्यावसायिक कार्ययोजना<br>(अ)केन्द्रको अवधारणा पत्र -१० अङ्क<br>(आ)व्यावसायिक तथा आर्थिक कार्ययोजना- १५ अङ्क<br>(इ)चुनौती र अवसर -५ अङ्क<br>(ई)भावी रणनीतिक योजना- १०अङ्क | ४० अङ्क |
| ख) व्यावसायिक कार्ययोजनाको प्रस्तुतीकरण | ३० अङ्क |
| ग) अन्तरवार्ता | ३० अङ्क |
| जम्मा | १०० अङ्क |

(२) दरखास्त पेश गर्ने आवेदकको सङ्ख्या १० भन्दा बढी भएमा समितिले दरखास्त पेश गर्ने आवेदक मध्येबाट व्यावसायिक कार्ययोजना वापत सबैभन्दा बढी अङ्क प्राप्त गर्ने बढीमा १० जनाको नाम समावेश गरी अन्तर्वार्ता र प्रस्तुतीकरणका लागि वर्णानुक्रमानुसार संक्षिप्त सूची (Short List) प्रकाशन गर्न सक्नेछ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सिंहदरबार, काठमाडौं

(३) व्यावसायिक कार्ययोजनाको प्रस्तुतीकरणका लागि ५० मिनेटको समय दिइनेछ । यस मध्ये ३० मिनेट प्रस्तुतीकरण र २० मिनेट प्रश्न उत्तर समय हुनेछ।

(४) व्यावसायिक कार्ययोजना प्रस्तुतीकरण र अन्तरवार्ता वापतको अङ्क समितिका संयोजक तथा सदस्यहरुले छुट्टाछुट्टै रूपमा दिइ औषत हिसाब गरी प्राप्ताङ्क कायम गरिनेछ।

(५) समितिले अङ्क प्रदान गर्दा पूर्णाङ्कको अधिकतम सत्तरी प्रतिशत भन्दा बढी र न्यूनतम चालीस प्रतिशत भन्दा कम अङ्क प्रदान गर्नुपर्ने भएमा उपयुक्त कारण खुलाउनु पर्नेछ। दुई वा दुई भन्दा बढी सदस्यले न्यूनतम वा अधिकतम हदभन्दा बढी अङ्क प्रदान गरेमा मात्र सो अङ्क मान्य हुनेछ। यदि एक सदस्यले प्रदान गरेको अङ्कमा यो हदभन्दा कम वा बढी भएमा निजले प्रदान गरेको अङ्कलाई अधिकतम सत्तरी प्रतिशत र न्यूनतम चालीस प्रतिशत नै अङ्क गणना गरिनेछ।

(६) समितिले व्यावसायिक कार्ययोजनाको मूल्याङ्कन, प्रस्तुतीकरण तथा अन्तरवार्ताको अङ्क जोडी योग्यताक्रम निर्धारण गरी उच्च अङ्क प्राप्त गर्ने तीन जना उम्मेदवारहरुलाई ऐनको दफा १८ को उपदफा (७) बमोजिम नियुक्तिको लागि नेपाल सरकारसमक्ष सिफारिस गर्नेछ।

१०. **व्यावसायिक कार्ययोजनाको मूल्याङ्कनः** व्यावसायिक कार्ययोजनाको मूल्याङ्कन सम्बन्धी थप व्यवस्था गर्नु परेमा समितिबाट तोकिएबमोजिम हुनेछ।

११. **नियुक्तको लागि सिफारिश गर्नेः** कार्यकारी निर्देशक पदका लागि सबै भन्दा बढी अङ्क प्राप्त गर्ने बढीमा ३ जना उम्मेदवारलाई समितिले नियुक्तिको लागि नेपाल सरकार समक्ष सिफारिस गर्नेछ ।

१२. **विज्ञको सहयोग लिन सक्नेः** समितिले दरखास्तको स्वीकृति, व्यावसायिक कार्ययोजनाको मूल्याङ्कन गर्न र प्रस्तुतीकरण तथा अन्तर्वार्ताको लागि आवश्यकताअनुसार विज्ञको सेवा लिन सक्नेछ ।

१३. **दरखास्त रद्द वा पुनः आव्हान गर्न सक्नेः**

(क) प्राप्त दरखास्तहरु रीत नपुगी आएमा समितिले त्यस्तो दरखास्त रद्द गर्नेछ ।

(ख) तीन ओटा भन्दा कम आवेदन परेमा समितिले पुनः दरखास्त आव्हान गर्न सक्नेछ।

(ग) उम्मेदवारले गलत वा झुठ्ठा विवरण वा कागजात पेश गरेमा समितिले कुनै पनि चरणमा उम्मेदवारको दरखास्त रद्द गर्न सक्नेछ ।

१४. **कागजपत्रको संरक्षणः** समितिले सिफारिसको कार्य सम्पन्न गरिसकेपछि तत्सम्वन्धी सम्पूर्ण कागजातहरु मन्त्रालयमा सुरक्षित राख्नु पर्नेछ ।

१५. **सचिवालयः** समितिको सचिवालय मन्त्रालयको संस्थान समन्वय शाखामा रहनेछ।

१६. **विविधः** यस कार्यविधिको कार्यान्वयनमा बाधा अड्काउ परेमा संयोजकको निर्णय बमोजिम हुनेछ ।

# स्वघोषणापत्र

म मुलुक र जनताको सर्वोत्तम हितलाई ध्यानमा राखी, व्यक्तिगत स्वार्थभन्दा माथि उठेर पदीय जिम्मेवारी निर्वाह गर्नका लागि ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... को ... ... ... ... ... ... ... ... ... पदमा नियुक्ति/मनोनीत हुनका लागि प्रचलित कानुनमा तोकिएबमोजिमका सम्पूर्ण योग्यता पूरा गरेको एवं कानुनबमोजिम अयोग्य नरहेको हुँदा देहायबमोजिमका विवरणसहित यो स्वघोषणा गरी पेस गरेको छु।

१. नाम, थर (नेपालीमा):
   **Name (In English) :**

२. जन्म मितिः वि.सं.: इ.सं.:

३. स्थायी ठेगानाः
   अस्थायी ठेगानाः

४. नागरिकता प्रमाणपत्र/ राष्ट्रिय परिचयपत्र नं.:
   जारी मिति र जिल्लाः

५. सम्पर्क नं.:

६. इमेलः

७. शैक्षिक योग्यताः

८. मैले कुनै पनि विदेशी मुलुकको नागरिकता वा स्थायी/अस्थायी आवासीय अनुमति पत्र वा सुविधा प्राप्त गरेको छैन।

९. म हाल कुनै पनि अन्तर्राष्ट्रिय वा विदेशी सहायताद्वारा सञ्चालित गैरसरकारी संस्थामा आबद्ध छैन।

१०. म भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य ठहरिने गरी सेवाबाट बर्खास्त भएको छैन।

११. म हाल कुनै पनि राजनीतिक दलको सदस्य रहेको छैन।

१२. मैले भ्रष्टाचार, जबरजस्ती करणी, मानव बेचबिखन तथा ओसारपसार, लागु औषध कारोबार, सम्पत्ति शुद्धीकरण, राहदानी दुरुपयोग, अपहरणसम्बन्धी कसुर वा नैतिक पतन देखिने अन्य फौजदारी कसुरमा सजाय पाएको छैन।

१३. मेरा विरुद्धमा कुनै पनि तहको अदालतबाट कुनै पनि किसिमको सजाय वा जरिवाना तोकिएको छैन र मैले तिर्न बुझाउनसमेत बाँकी छैन।

१४. नियुक्ति/मनोनीत हुन लागेको संस्था वा निकायसँग पेसागत वा व्यावसायिक रूपले मेरो कुनै किसिमले स्वार्थ बाझिने अवस्था रहेको छैन।

मैले माथि गरिदिएको स्वघोषणाको व्यहोरा ठिक साँचो हो। झुट्टा ठहरे कानुनबमोजिम सहुँला बुझाउँला।

| स्वघोषणा गर्ने व्यक्तिको- | | स्वघोषणा गराउने अधिकृतको- |
|---|---|---|
| दस्तखतः | | दस्तखतः |
| दायाँ | बायाँ | नाम, थरः |
| | | पदः |
| | | कार्यालयः |

मिति :